आ.व. ०७६।०७७
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्याः-०५/०७६/०७७
मितिः-२०७६।६।१०
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ७.३० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति**

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | — |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | — |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | — |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री गोपालप्रसाद बगाले | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

विशेष आमन्त्रित

श्री यम कुमारी बौडेल - का.वि. वडा अध्यक्ष - ६

श्री नेत्र जैरे - का.वि. वडा अध्यक्ष - १२

निर्णय नं. १

तानसेन, पाल्पाबाट पोखरामा गई बसोबास गरिरहेकाहरुको सामाजिक संस्था पाल्पाली समाज पोखराले तानसेन, पाल्पाको पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने उद्धेश्यले पर्यटकीय नगरी पोखराको महत्वपुर्ण दुईवटा स्थानमा १५० वर्ग फिटको एल.ई.डी. डिस्प्ले बोर्ड राख्नको लागि मिति २०७६।०५।२२ मा पेश गरेको लागत प्रस्ताव अनुरुप सो १५० वर्ग फिटको २ वटा एल.ई.डी. डिस्प्ले बोर्डको लागि पेश भएको लागत अनुमानको बढीमा २५ प्रतिशत वा रु ८ लाख मध्ये जुन न्यूनतम हुन्छ सो रकम चालु आर्थिक वर्षको नगर प्रर्वद्धनात्मक कार्यक्रम अन्तर्गत मागमा आधारित भौतिक पूर्वाधार विकास कार्यक्रम शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २

वि.सं. २०७२ बैसाखको बिनासकारी भूकम्प आउनु भन्दा अघि यस तानसेन नगरपालिकामा घर निर्माणका लागि रितपुर्वक आवेदन पेश गरी नियमानुसार इजाजत पत्र लिई घर निर्माण गरेका तर हाल सम्म पनि निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त नगरेका घरधनीहरुबाट घर सम्पन्न प्रमाणपत्र प्राप्तीका लागि पटक पटक मौखिक र लिखित निवेदन प्राप्त भएकोले निजहरुलाई के कती कारणले हाल सम्म पनि प्रमाण पत्र दिन नसकिएको हो, र कानूनको परिधी भित्र रहेर प्रमाणपत्र दिन के के उपायहरु अवलम्बन गर्न सकिन्छ सो विषयमा विस्तृत अध्ययन गरी समाधानका निम्ति आगामि २०७६ मंसिर मसान्त भित्र राय सुझाव सहितको प्रतिबेदन पेश गर्न देहाय बमोजिमको सुझाव समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| • सागरमान महर्जन, वडा अध्यक्ष, ता.न.पा. ६ | संयोजक |
| • लेखा समितिको संयोजक, ता.न.पा. | सदस्य |
| • प्रेम मल्ल, सदस्य, ता.न.पा. ३ | सदस्य |
| • विष्णु कार्की, सदस्य, ता.न.पा. ५ | सदस्य |
| • नारायणी बौडेल, सदस्य ता.न.पा. ८ | सदस्य |
| • प्रमुख, नक्सा शाखा, ता.न.पा. | सदस्य-सचिव |

Scanned by CamScanner

निर्णय नं. ३

भवन निर्माण तथा नक्शापास सम्वन्धि अन्तरिम व्यवस्था अनुसार भवन निर्माण तथा नक्शा पास रोकिएका, निर्माण सम्पन्न प्राप्त गर्न नसकेका र तला थप गर्न रोकिएका विषयमा देहाय बमोजिम हुने निर्णय गरियो ।

- २०७२ चैत्र २६ गते भन्दा अगाडी कित्ताकाट भएका र सो भन्दा पछाडी सम्मानित अदालतको आदेशानुसार कित्ताकाट भएका जग्गाहरुमा ०-२-२-० भन्दा कम जतिसुकै क्षेत्रफलको जग्गा भए पनि निर्माण सम्वन्धी अन्य व्यवस्था **"वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत निर्माण मापदण्ड २०७२"** वमोजिम हुने गरी नक्सापास स्वीकृती प्रदान गर्ने ।
- २०७२ चैत्र २६ गते भन्दा अगाडी नक्शा पास गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरहरुमा तला थप गर्नुपर्दा भवनको भूकम्पीय सुदृढिकरण (Retrofiting) गरी तला थपको लागि स्वीकृती प्रदान गर्ने ।
- २०७२ चैत्र २६ गते भन्दा अगाडी नक्सा पास गरी सोही बमोजिम घर निर्माण गरेका तर निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त नगरेका घरहरुलाई २०७२ चैत्र २६ गते भन्दा अगाडीको मापदण्डको प्रावधान वमोजिम नै हुने गरी नक्सा पास दस्तुरको ५० प्रतिशत थप दस्तुर लिई निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने र अन्यको हकमा भवन निर्माण संहिता बमोजिम हुने ।
- तानसेन नगरपालिकाको भौगोलिक अवस्थालाई मध्यनजर गरी पहिले खोल्सीको रुपमा रहेको तर हाल खोल्सी नरहेको तथा नापी नक्सामा पनि खोल्सी नरहेको स्थानहरुमा नक्सापास स्वीकृती प्रदान गर्दा स्थानीय सर्जमिन मुचुल्का गरी सोही बमोजिम केन्द्रवाट कम्तीमा १.५ मीटर सेटब्याक छोडी नक्सापास स्वीकृत प्रदान गर्ने । तर सदावहार पानी बग्ने खोल्सी र नापी नक्सामा देखिएका खोल्सी किनारवाट कम्तीमा ३ मिटर सेटव्याक छोडी नक्सापास स्वीकृत प्रदान गर्ने ।

निर्णय नं. ४

तानसेन नगरपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ पारित गरियो साथै चालु आ.व.२०७६/७७ को स्वीकृत कार्यकम अन्तरगत कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमुलक, उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्नका लागि उपयुक्त परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुलाई प्रस्ताव पत्र पेश गर्न ३० दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निणर्य नं ५

दक्षिण कोरीयाको राजधानी सियोल महानगरका प्रमुख श्री Wonsoon Park ज्युको निमन्त्रणामा आगामी २३ देखि २५ अक्टोवर २०७६ सम्म सियोलमा मा आयोजना हुने Seoul Mayors' Forum on Climate Change 2019 सम्मेलनमा नेपालकै नगरपालिकाहरुको तर्फबाट एकमात्र नगर प्रमुखको रुपमा सहभागी हुन जानु हुने तानसेन नगरपालिकाका प्रमुख श्री अशोककुमार शाही एवं निजलाई सम्मेलनको दौरानमा सहजिकरण गर्न Accompanying Staff को रुपमा ता.न.पा.का योजना अधिकृत विष्णु पौडेलको भ्रमण कार्यक्रमको लागि काठमाण्डौं सियोल काठमाण्डौंको हवाई टिकट र २३ देखि २५ अक्टोवर २०७६ को कोरियाको आवास तथा खानाको खर्च आयोजकवाटै व्यहोर्ने, कोरीया दुतावासमा भिसा शुल्क बापत लाग्ने खर्च ता.न.पा. कार्यालयवाट व्यवहोर्ने गरी भ्रमण कार्यक्रम स्वीकृत गरियो ।

निर्णय नं. ६

यस ता.न.पा.को गत आ.व. २०७५।०७६ को दोश्रो नगरसभाबाट संसोधन गरिएको चालु वजेटमा निम्नानुसार रकमान्तर गर्ने निर्णय गरियो ।

| खर्च शीर्षक नं. | जोडिने | खर्च शीर्षक नं. | घटाईने |
|---|---|---|---|
| औषधि उपचार | २३००००।०० | कर्मचारी प्रोत्साहन | १४९८३८।०० |
| | | अन्य भत्ता | ७२१५०।०० |
| | | बिविध | ८०१२।०० |
| पदाधिकारी वैठक भत्ता | २१९७००।०० | कर्मचारी वैठक भत्ता | १०६९३०।०० |
| | | पदाधिकारी अन्य सुविधा | ५००००।०० |
| | | विविध | ६२७७०।०० |
| पानी विजुली | २२१६५३।०० | मसलन्द का.सामान | १७१२०७।७० |
| | | विविध | ५०४४५।३० |
| भ्रमण खर्च | १७०३४।०० | सरुवा भ्रमण खर्च | १७०३४।०० |
| घरभाडा | २३०७०।०० | विविध | २३०७०।०० |
| जम्मा | ७११४५७।०० | जम्मा | ७११४५७।०० |

Scanned by CamScanner